मिति २०८० बैशाख १० गते आईतबारको १०औं तथा दोश्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १४औं कार्यपालिकाको बैठकको उपस्थिती तथा निर्णयहरु

बैठक संख्या:- २०७९/८०/०१०

बैठक:- वारागुङ मुक्तिक्षेत्र गाउँपालिका मुस्ताङको गाउँ कार्यपालिकाको बैठक।
मिति र समय:- विक्रम सम्वत् २०८० साल बैशाख १० गते आईतवार दिउसो १४:००बजे देखि शुरु।
अध्यक्षता:- गाउँपालिकाका अध्यक्ष श्री रिङजीन नामगेल गुरुङ ज्यू।
स्थान:- गाउँ कार्यपालिकाको कार्यालयको सभाहल, कागबेनी, मुस्ताङ।
१०औं गाउँ कार्यपालिका बैठकले तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा निम्नानुसारको प्रस्ताव उपर छलफल गरी निम्नानुसार निर्णय गरियो ।

पदाधिकारीहरुको उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद र कार्यालय | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रिङजीन नामगेल गुरुङ | अध्यक्ष वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| २ | श्री ढिकी गुरुङ | उपाअध्यक्ष वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ३ | श्री जनार्दन आचार्य | नि. प्रमुख प्रशासकीय अधिकृत वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ४ | श्री श्रीमाया वि.क. | का.वा. वडा अध्यक्ष वडा नं. १ एवं सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | श्रीमाया | |
| ५ | श्री न्होरु गुरुङ | वडा अध्यक्ष वडा नं. २ एवं सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ६ | श्री विनोद गुरुङ | वडा अध्यक्ष वडा नं. ३ एवं सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ७ | श्री कर्म घ्यचो गुरुङ | वडा अध्यक्ष वडा नं. ४ एवं सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ८ | श्री सुरेन्द्र गुरुङ | वडा अध्यक्ष वडा नं. ५ एवं सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ९ | श्री मन कुमारी कामी | कार्यपालिका सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | मनकुमारी | |
| १० | श्री ल्हाक्चोम गुरुङ | कार्यपालिका सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | ल्हाक्चोम | |
| ११ | श्री कुन्जाङ्मो गुरुङ | कार्यपालिका सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १२ | श्री मुनु दमाई | कार्यपालिका सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | मुनु | |
| १३ | श्री ल्हम्डे गुरुङ | कार्यपालिका सदस्य वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |

सहयोगी राष्ट्रसेवक कर्मचारीहरुको उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद र कार्यालय | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| २ | श्री खगेन्द्र बोहरा | स्वास्थ्य शाखा प्रमुख वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | Khagendra | |
| ३ | श्री दिवस सापकोटा | सूचना प्रविधी अधिकृत वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ४ | श्री प्रेम प्रसाद भट्टराई | सूचना अधिकारी वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ५ | श्री देवेन्द्र बहादुर थापा | प्रशासन शाखा प्रमुख वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| ६ | श्री रोशनी नेपाली | कार्यालय सहयोगी वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | रोशनी | |
| ७ | श्री प्रमोद शर्मा | ले. अ. | | |

CamScanner

मिति २०८० वैशाख १० गते आईतबारको १०औं तथा दोश्रो निर्वाचित अध्यक्षज्यूको अध्यक्षतामा बसेको १४औं कार्यपालिकाको बैठकको उपस्थिती तथा निर्णयहरु

**प्रस्तावहरुः**

२०७९/८०-०१०/०१ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२०७९/८०-०१०/०२ प्रशासनिक तथा आर्थिक जिम्मेवारी प्रदान गर्नको लागि सिफारिस गर्ने सम्बन्धमा।
२०७९/८०-०१०/०३ यस आ.व. का लागी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको कागवेनी ढल निर्माण योजनाको निर्माण कार्यको निरन्तरता सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं २०७९/८०-०१०/०१**
प्रस्ताव नं २०७९/८०-०१०/०१ को प्रस्ताव माथि छलफल गर्दा अघिल्लो मिति २०७९/१२/०७ गतेको कार्यपालिकाको बैठकमा गरिएका निर्णयहरु र त्यसका कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरियो।

**निर्णय नं २०७९/८०-०१०/०२**
प्रस्ताव नं २०७९/८०-०१०/०२ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री जित बहादुर राना को म्याग्दे गाउँपालिका, तनहूँमा सरुवा भई मिति २०७९/१२/२७ गते देखि लागू हुने गरी रमाना पत्र समेत लिई जानु भएकोमा आजको मितिसम्म पनि नयाँ प्रमुख प्रशासकीय अधिकृत नआएको हुँदा यस गाउँपालिकामा कार्यरत बरिष्ठतम् कर्मचारी वरिष्ठ कविराज निरीक्षक(अधिकृत सातौं) श्री जनार्दन आचार्यलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारी सहित प्रमुख प्रशासकीय अधिकृतको कार्य गर्न जिम्मेवारी प्रदान गर्ने र सो जिम्मेवारी स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं २०७९/८०-०१०/०३**
प्रस्ताव नं २०७९/८०-०१०/०३ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४, कागबेनीमा यस आर्थिक वर्ष को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत ढल निर्माण कार्यको लागि गरिएको DPR अनुसारको Drawing, Design को आधारमा कार्यालयबाट स्वीकृत लागत अनुमान(Cost Estimate) अनुसार आ.व. २०७९/८० को ठेक्का नं. (10/VMRM/NCB/Works/2079/80) को कागवेनी ढल निर्माण कार्यको लागी बोलपत्र आह्वानको माध्यमबाट सम्पूर्ण प्रक्रिया पुरा गरी श्री अमेपल कन्स्ट्रक्सन प्रा.लि., कागवेनी, मुस्ताङसंग मिति २०७९/११/२३ मा सम्झौता भई सम्झौताकै मितिमा कार्यादेश दिईएको र उक्त निर्माण कम्पनीले सम्झौता बमोजिमको Drawing, Design र Estimate अनुसार निर्माण कार्य गर्दै जानेक्रममा निर्माणस्थल(Construction site)मा भएको स्थलगत भौगोलिक कठिनाइ जनाई उक्त निर्माण कार्यलाई निरन्तरता दिन नसकिने भनि निर्माण कम्पनीले स्थलगत निरिक्षण प्रतिवेदन (Site Inspection Report) सहित सम्झौता बमोजिमको Drawing, Design र Estimate अनुसार काम गर्न नसकिने भएकोले आवश्यक सहजिकरण गरिदिन अनुरोध गर्दै मिति २०८०/०१/०३ मा यस कार्यालयमा निवेदन दिएकोमा यस कार्यालयले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, वडा नं. ४ को कार्यालयसंग उक्त विषयको सम्बन्धमा थप सोधनी गर्दा वडा नं. ४ को कार्यालयबाट निर्माण कम्पनीसंग भएको सम्झौता अनुसार कागवेनी ढल निर्माण योजनाको कार्यलाई निरन्तरता दिंदा उक्त निर्माण-स्थलका स्थानीयहरुको आवास लगायतका भौतिक संरचनामा क्षती पुग्ने व्यहोराको गाउँ सर्जमिन मुचुल्का वडा नं. ४ को कार्यालयले पेश गरेको र यस कार्यालयबाट पुनः गरिएको स्थलगत अध्ययनबाट प्राप्त भएको प्राविधिक प्रतिवेदन अनुसार निर्माण स्थलमा भएका भौतिक संरचनाको जग(Foundation)/ जमिन मुनिको संरचना(Sub structure) को आधार(base level) एकिन गर्न नसकिएको कारण Drawing र Design संशोधन गर्न नसकिने र उक्त निर्माण कार्यलाई प्राविधिकको प्रत्यक्ष निगरानी र परामर्श अनुसार निरन्तरता दिन सकिने भनि यस कार्यालयको प्राविधिक शाखाबाट राय प्राप्त भएको हुँदा कार्यालयबाट खटाईएका प्राविधिकको प्रत्यक्ष निगरानी र परामर्श अनुसार उक्त निर्माण कार्यलाई निरन्तरता दिने गरी आवश्यक कारवाही अगाडी वढाउनका लागी स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

रिडजीन नाम्रोल गुरुङ
अध्यक्ष
बारागुङ मुक्तिक्षेत्र गाउँपालिका